सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रुपन्देहीले आयोजना गर्न लागेको

# लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक व्यापार मेला–२०६३

**२०६३ मंसीर २२ गतेदेखि पौष २ गतेसम्म**

**स्थानः सिद्धार्थ रङ्गशाला,सिद्धार्थनगर**

## परिचय :

बिश्व शान्तिका अग्रदूत भगवान गौतमबुद्धको पवित्र जन्मस्थली लुम्बिनीको प्रवेशद्वार सिद्धार्थनगर औद्योगिक, व्यापारिक र पर्यटकीय दृष्टिले अत्यन्तै महत्वपूर्ण र स्थापित केन्द्रविन्दू हो । सदियौंदेखिको अत्यन्तै घनिष्ट मित्रराष्ट्र भारतसंगको मुख्य प्रवेश नाकाको रुपमा रहेको यस नगरी आफ्नै खाले छुट्टै पहिचान र अस्तित्वको प्रतीकको रुपमा रहेको छ । भौगोलिक सुगमताकै कारणले पश्चिमान्चल कै आवागमनको प्रवेशद्वारको रुपमा रहेको यस नगर उद्योग, व्यापार, संचार, यातायात, विद्युत जस्ता मानवीय आवश्यकताका अधिकाँश सुविधाहरुले सम्पन्न नगरको रुपमा विकास भएको छ । विभिन्न जाति, धर्म, सम्प्रदाय, मूलका नागरिकहरुको घनिष्टताले यस नगरमा अनेकतामा एकता तथा वैभताको सन्देश छाएको छ ।

तर पनि बिगत केही बर्षदेखि देशमा ब्याप्त असहज परिस्थिति र सुरक्षित राजनैतिक अवतरणको संक्रमणकालिन यस बिषम अवस्थाले यस भेकका उद्योग व्यवसाय पनि अछूटो रहन सकेको छैन । यस्तो अवस्थामा उद्योग व्यवसायको दिगो विकास गरी औद्योगिक, व्यावसायिक तथा पर्यटकीय नवीन संभावनाहरुलाई पहिचान, सदुपयोग र प्रवर्द्धन गर्न यस संघले विगतमा झैं यस वर्ष पनि मिति २०६३ मंसीर २२ देखि पौष २ गतेसम्म दश दिनसम्म सिद्धार्थनगर नगरपालिकास्थित सिद्धार्थ रङ्गशालामा दोस्रो पटक राष्ट्रियस्तरको लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक व्यापार मेला–२०६३ आयोजना गर्नगइरहेको छ ।

## महत्व :

खुला र उदार अर्थतन्त्र अंगालेको मुलुक नेपाली उद्योगी व्यवसायीहरुको सामु प्रतिस्पर्धात्मक चुनौती र लाभका संभावनाहरु अनेकौं रहेका छन् । यस्तो अवस्थामा हरेक उद्योगी व्यवसायीहरुले पेशागत हक हित संरक्षण र अधिकारको साथै प्रतिस्पर्धात्मक लाभका संभावनाहरुलाई सदुपयोग गर्न समस्त उद्योगी व्यवसायीहरुको हक हित र अधिकारमा समर्पित यस संघले सामाजिक भूमिकामा पनि क्रियाशील रहनु आवश्यक रहेको छ । नेपाल सरकारले बढ्दो उदारीकरणसंगै निजी क्षेत्रको भूमिकालाई अपरिहार्य र महत्वका साथ हेरिरहेको बेलामा हरेक उद्योग व्यवसायको दिगो बिकासका लागि संगठित स्वतन्त्र सामाजिक संस्था सिद्धार्थनगर उद्योग वाणिज्य संघले आफ्नो भूमिकालाई अझ परिस्कृत र परिणाममुखी बनाउनु जरुरी छ ।

आर्थिक बृद्धिबिना सामाजिक उत्तरदायित्व संभव छैन र सामाजिक उत्तरदायित्व बिनाको आर्थिक बृद्धि पनि न्यायोचित हुंदैन । त्यसैले सामाजिक उत्तरदायित्वपूर्ण प्रतिस्पर्धात्मक वातावरणमा गुणस्तरीय वस्तु तथा सेवाको बजार प्रबर्द्धन र पयृटकीय संभावनाहरु पहिचान गर्ने एउटा स्वर्ण अवसरको रुपमा यो लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक व्यापार मेला–२०६३ आयोजना गर्न लागिएको छ ।

## उद्देश्यः

विगत केही बर्षदेखि देशमा बिद्यमान असहजपूर्ण राजनैतिक अन्यौलता, बिंग्रदो शान्ति सुरक्षा, खुला सीमानाका कारणले यस क्षेत्रमा हुने व्यावसायिक अस्वस्थ प्रतिस्पर्धाले उद्योग ब्यवसायलाई नराम्ररी प्रभावित गरेको छ । नेपाली उपभोक्ताहरुको स्थानीय, स्वदेशी वस्तु तथा सेवाको उपभोग प्रति जागरुकता नहुनु, विदेशी वस्तुको उपभोगमा बढी झुकाव राख्नु, स्थानीय उत्पादनले बजार नपाउनु आदि जस्ता कारणले प्रतिस्पर्धात्मक आजको अवस्थामा नेपाली उद्योग व्यवसायलाई टिकाई राख्नु चुनौतीपूर्ण रहेको छ । यस्ता तमाम असहज परिस्थितिमा निकासीजन्य वस्तु तथा सेवाको कारोबारमा अभिबृद्धि र नेपालकै अटल धरोहरको रुपमा रहेको लुम्बिनीलाई प्रबर्द्धन गरी यस क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको बिमानस्थल निर्माण गर्ने कार्यमा ठोस पहलका लागि विगतमा झैं यस वर्ष पनि दोस्रो प्रयासको रुपमा लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक व्यापार मेला–२०६३ को आयोजना गर्नु परेको हो । यो महोत्सव तथा मेलाका देहाय अनुसारका उद्देश्यहरु रहेका छन् ।

(क) स्थानीयस्तरमा उत्पादित निकासीजन्य घरेलु, औद्योगिक तथा हस्तकलाका सामग्रीको बजार पहिचान र प्रबर्द्धन गर्ने ।

(ख) स्वदेशी तथा गुणस्तरीय वस्तु तथा सेवाहरुको उपभोगप्रति उपभोक्ताहरुलाई जागरुक बनाउने ।

(ग) लुम्बिनीलाई पर्यटकीय र धार्मिक गन्तब्यको रुपमा विकास र प्रबर्द्धन गर्न लुम्बिनीको प्रवेशद्वार सिद्धार्थनगरमा अन्तर्राष्ट्रियस्तरको

विमानस्थल निर्माण गर्ने कार्यमा निजी क्षेत्रबाटै ठोस पहल गर्ने ।

(घ) सूचना सन्जाल तथा औद्यागिकीकरणका प्रविधिबारे जानकारी दिने ।

(च) यस भेकका बिभिन्न जात जाति, धर्म सम्प्रदायका परम्परागत मौलिक संस्कृतिको प्रबर्द्धन गर्ने ।

## मेलाका आकर्षणहरु :

- स्थानीय तथा घरेलु उत्पादन तथा सेवाहरुको अनुपम संगम र प्रस्तुति
- व्यावसायिक कृषि, पर्यटन, उद्योग, सूचना तथा प्रविधिसम्बन्धी घरेलु प्रवर्द्धकहरुको सहभागिता
- उपभोक्ता र उत्पादक/वितरक बीच प्रत्यक्ष अन्तरक्रिया
- स्थानीय उद्यमीहरुद्धारा उत्पादित हस्तकला/वास्तुकलाका सामग्रीहरुको प्रवर्द्धन र प्रदर्शन ।
- नवोदित तथा राष्ट्रियस्तरका कलाकारहरुको बिबिध सांस्कृतिक कार्यक्रमको प्रस्तुति
- दोहोरी गीत तथा लोक नृत्य प्रतियोगिता
- बाल उद्यान तथा रमाईलो मेला
- प्रबेश टिकटमा पुरस्कारको व्यवस्था
- उत्कृष्ट स्टललाई पुरस्कारको व्यवस्था
- लुम्बिनीसम्बन्धी आकर्षक झलकहरु
- लुम्बिनी प्याकेज भ्रमणको व्यवस्था

## स्टल व्यवस्था :

यस महोत्सव तथा मेलामा छानासहितको १०×१० फिटको स्टल व्यवस्था गरिनेछ । यस मेलामा बुकिङ्ग क्रमानुसार स्टललाई प्राथमिकता दिईनेछ । तर वस्तुको प्रकृतिको आधारमा छुट्टाछुट्टै स्टलको क्षेत्र निर्धारण गरिनेछ । निर्धारित क्षमतासम्मको बिद्युत निःशुल्क उपलब्ध गराईनेछ तर १०० वाटभन्दा बढी बिद्युत क्षमताको बिद्युत खपत गर्ने स्टललाई प्रचलित दरमा थप रिबेट शुल्क लिइनेछ । स्टलको साज–सज्जा स्टलकर्ता आफैले गर्नु पर्नेछ । प्रदर्शनीका लागि स्थानीय डिलरहरुको नाममा बहुराष्ट्रिय कम्पनीका सीमित उत्पादनहरुको मात्र प्रदर्शन गर्न पाइने छैन ।

## भाडा दर :

यस महोत्सव तथा मेलामा स्टलहरुको प्रकृति अनुसार देहायानुसारका प्रति स्टल भाडादर कायम गरिएका छन् :

(**वाणिज्यतर्फ**)

| | |
|---|---|
| होजियारीतर्फ | ७,०००/– |
| होटेल,रेष्टुरेन्ट,चमेना गृह | १५,०००/– |
| मदिरा बियर (प्रर्दशनी मात्र) | २०,०००/– |
| महिला हस्तकलाका सामग्रीहरु | ५,०००/– |
| कृषिजन्य तथा नर्सरी | ५,०००/– |

**उद्योगतर्फ (कुल अधिकृत पूंजीको आधारमा)**

| | |
|---|---|
| १ देखि १५ लाखसम्म | ५,०००/– |
| १५ लाखदेखि ५० लाखसम्म | ७,०००/– |
| ५० लाखदेखि १ करोडसम्म | १०,०००/– |
| १ करोडभन्दामाथि | १५,०००/– |

## छुटको व्यवस्थाः

यस संघका साधारण सदस्य तथा महिला हस्तकलाका सामग्रीहरु प्रदर्शन गर्न चाहने उद्यमीहरुलाई प्रति स्टल भाडामा क्रमश १० तथा ५० प्रतिशत छुट दिइनेछ । साथै, एकभन्दा बढी स्टल लिन चाहने स्टलधनीलाई प्रति अतिरिक्त स्टल भाडा दरमा १०% छुटको व्यवस्था गरिएको छ । यस संघका भगिनी उद्योग वाणिज्य संघमार्फत स्टल दर्ता गर्ने उद्यमीलाई पनि स्टल भाडा दरमा १०% छुट दिइनेछ । शतप्रतिशत रकम भुक्तानी गरी २०६३ कार्तिक १५ गतेसम्म स्टल दर्ता गर्नेलाई कुल स्टल भाडा रकममा १० प्रतिशतसम्म छुट दिइनेछ ।

## स्टल आवेदन :

स्टल आवेदन असोज १ गतेदेखि खुला गरिनेछ । स्टल आवेदनको लागि मेला आयोजकद्वारा तयार पारिएको फारम भरी स्टल भाडा दरको ५०% रकम मेला सचिवालय वा यस मेलाको नाममा ............... बैंक, सिद्धार्थनगर शाखामा रहेको खातामा रकम जमा गरेको सक्कलै भौचर आबेदन फारम साथ बुझाउनु पर्नेछ र बाँकी रकम मेला शुरु भएको पाँचौ दिनभित्र भुक्तानी गरिसक्नु पर्नेछ । स्टलको लागि २०६३ कार्तिक १५ गतेसम्म आवेदन दिई सक्नु पर्नेछ ।

## प्रवर्द्धन योजना :

स्थानीय पत्रपत्रिकाहरुका साथै राष्ट्रियस्तरको कुनै एक पत्रिकालाई आधिकारिक पत्रिका घोषणा गरी सबै संचारका माध्यमहरुमा व्यापक प्रचार प्रसार र विज्ञापन गरिनेछ ।

- मेला संचालन हुनुभन्दा १५ दिन अगाडी पत्राचार गरिनेछ
- स्टलको संरक्षणका लागि प्रयाप्त व्यवस्था गर्नुको साथै स्टल वीमा गरिनेछ
- प्रदर्शनी सम्बन्धी ऐतिहासिक अभिलेखको रुपमा स्मारिका प्रकाशन गरिनेछ
- स्थानिय टि.भी.केवलहरुद्धारा प्रसारण गरिने विभिन्न च्यानलको तल्लोपट्टी विज्ञापन प्रसारण गरिनेछ

**मेलामा सहभागी :**

यस प्रदर्शनीमा कृषि, उद्योग, व्यापार, पर्यटन संग सम्बन्धित विभिन्न किसिमका उत्पादनसंग सम्बन्धित नेपाल अधिराज्य तथा मित्रराष्ट्र भारतका ईच्छुक उद्यमी व्यवसायीहरुको महत्वपूर्ण सहभागिता रहनेछ । साथै यो महोत्सव तथा मेलामा स्थानीय हस्तकला, वास्तुकलाका कलात्मक सर-सामानहरु, विभिन्न संघ/संस्थाका आधिकारिक प्रदर्शनी, जातीय संघ संस्थाका परम्परागत तथा सांस्कृतिक झाँकी, भोजनका बिविध परिकारहरुका स्टलहरु रहनेछन् । साथै यस महोत्सव तथा मेलामा राष्ट्रिय तथा स्थानीयस्तरका नवोदित कलाकारहरुको सहभागिता रहनेछन् ।

**प्रदर्शनीमा सहभागी हुने उद्योगी/ व्यापारीहरुलाई दिईने सुविधा**

- उत्कृष्ट उद्योग/व्यवसायलाई पुरस्कारको व्यवस्था
- प्रविधि प्रदर्शनको लागि १०० वाट क्षमतासम्मको नि:शुल्क विद्युत व्यवस्था
- पाकिङ्ग टिकटमा उचित पुरस्कारको व्यवस्था
- स्थानीय केवल तथा एफ.एम.बाट प्रसारण व्यवस्था
- डाइरेक्ट्री, उद्योग व्यवसाय बुलेटिन तथा स्थानीय एवं राष्ट्रियस्तरका संचारका माध्यमहरुद्धारा प्रसारणको व्यवस्था
- स्टलको लागि आकर्षक बीमाको व्यवस्था

**मेलामा उपलब्ध सुबिधाहरु :**

- शान्ति सुरक्षाको दह्रो प्रबन्ध
- पर्याप्त पार्किङ्गको सुबिधा
- प्राथमिक उपचारको व्यवस्था
- शौचालयको पर्याप्त व्यवस्था
- स्वच्छ पिउने पानीको व्यवस्था
- मुद्रा सटहीको व्यवस्था
- राष्ट्रिय/अन्तर्राष्ट्रिय टेलिफोनको सुबिधा
- इन्टरनेट/ईमेल र फ्याक्सको सुबिधा

**विविध :**

**मेला अवधि:** २०६३ मंसीर २२ देखि पौष २ गतेसम्म
**प्रति व्यक्ति प्रवेश शुल्क :** रु २५/- (पचीस) मात्र
**स्टल खुल्ने समय:** बिहान ९ बजेदेखि सांझ ८ बजेसम्म
**अवलोकन समय:** बिहान १० बजेदेखि सांझ ७ बजेसम्म
**मेला स्थल:** सिद्धार्थनगर नगरपालिका-३,
सिद्धार्थ रङ्गशाला, भैरहवा

<u>बिस्तृत जानकारीको लागि:</u>


**लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक ब्यापार मेला-२०६३ को सचिवालय**

**सिद्धार्थनगर उद्योग वाणिज्य संघ,रुपन्देही**

कालिका स्थान,सिद्धार्थनगर नगरपालिका–१२
फोन नं. ०७१-५२०१५६,
फ्याक्स नं.०७१-५२१६१९
ईमेल scci@vianet.com.np
वेभ साइट www.siccionline.org